नेपाल सरकार
Government of Nepal
युवा, श्रम, तथा रोजगार मन्त्रालय
Ministry Of Youth, Labour and Employment
# युवा तथा साना व्यवसायी स्वरोजगार कोष
## Youth and Small Entrepreneur Self-Employment Fund

प.स.०८३/०८४,च.नं.४४, असूली                                                                 मिति :२०८३/०६/२८

**विषय : सूचना टाँस गर्ने सम्बन्धमा ।**

**श्री स्थानीय तह,**
**सम्बन्धित सबै ।**

उपरोक्त सम्बन्धमा युवा तथा तथा साना व्यवसायी स्वरोजागार कोष मार्फत थोक कर्जा लिई आजको मितिसम्म पनि कर्जा नतिर्ने/नबुझाउने सहकारी संस्थाहरुका लागि कर्जा चुक्ता गर्ने सम्वन्धमा सूचना प्रकाशित गरिएकाले यसै पत्र साथ संलग्न सूचना तहाँको सूचना पाटी/वेवसाईट/फेसवुक पेज लगायतमा टाँस/प्रकाशन/प्रसारण गर्ने व्यवस्था मिलाईदिनु हुन निर्देशानुसार अनुरोध छ ।

श्री रोजगार सेवा तथा उद्यमशीलता केन्द्र
(हस्ताक्षर)
०६।२८

(हस्ताक्षर)
(कस्मिक वुढा)
शाखा प्रमुख
कर्जा असुली शाखा

बोधार्थ :

- **श्री कर्जा असुली सहजकर्ता**
  **सबै जिल्ला :**
  तहाँ जिल्ला अन्तर्गतका सहकारी संस्थामा लगानी भएको रकम असुलउपर हुन बाँकी रहेकोले कर्जा असुली उप-समिति, सम्बन्धित सहकारी संस्थाहरुलाई जानकारी गराई सम्बन्धित सहकारी संस्था, स्थानीय तहमा संलग्न सूचना टाँस गर्न र सोको जानकारी यथाशिघ्र कोष कार्यालयमा गराउनुहुन । (उक्त कार्यको लागि रोजगार संयोजकसँग समन्वय गर्नहुन ।)

- **श्री रोजगार संयोजक**
  **सबै स्थानीय तह** : आवश्यक समन्वय र सहयोग गरिदिनुहुन ।

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा राजस्थल,गुल्मी
दर्ता नं. १२३२
दर्ता मिति: २०८३।०६।२९

कोपुण्डोल, ललितपुर, नेपाल, फोन नं.+९७७-१-४१०२७८२/८८
Kopundole, Lalitpur, ph.:+977-1-4102782/88, Email: info@ysef.gov.np, website: www.ysef.gov.np

नेपाल सरकार

Government of Nepal

युवा, श्रम, तथा रोजगार मन्त्रालय

Ministry Of Youth, Labour and Employment

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

Youth and Small Entrepreneur Self-Employment Fund

## कर्जा चुक्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

मितिः २०८३/०६/२८

युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग थोक कर्जा लिई आजको मितिसम्म पनि विभिन्न सहकारी संस्थाहरुबाट कर्जा चुक्ता नभएकाले यो सूचना प्रकाशित भएको मितिले १ महिनाभित्र कोषलाई तिर्न बुझाउनुपर्ने सम्पूर्ण रकम बुझाउनका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयमा कोषको रकम नबुझाएमा संस्थाका सञ्चालक समिति, लेखा समिति र कर्जा उप-समितिका पदाधिकारी तथा सदस्यहरुलाई कालो सूचीमा राख्ने, निजहरुको बैंक तथा वित्तीय संस्थामा रहेको खाता रोक्का राख्ने, निजहरुको आफ्नो र एकाघर परिवारको नाममा रहेको चल अचल सम्पत्ति रोक्का राख्ने, नेपाल सरकारबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गर्ने र प्रचलित कानून बमोजिम कारबाही गरी कोषको रकम असुल उपर गरिने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोष,

कुपण्डोल, काठमाडौं ।

फोन नं. ०१४१०२७११